नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय डोटी

**(डोटी, अछाम, बाजुरा)**

सूचनाको हक सम्बन्धी ऐन, २०६४, को दफा ५(३) र नियमावलीको
नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आ.व. २०८२/०८३(२०८२ साउन १ देखि २०८२ असोज मसान्तसम्म)**

## १. निकायको स्वरुप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनलाई सहयोग पुरयाउने उद्देश्यले बि.सं. २०५० सालमा डोटी तथा अछाम दुई जिल्ला कार्यक्षेत्र रहने गरी **शाखा तथ्याङ्क कार्यालय डोटी**को स्थापना गरिएको थियो। जुन २०७० सालमा आएर नाम परिवर्तन भई तथ्याङ्क कार्यालयका रूपमा चिनियो ।

नेपाल सरकारको आ.व. २०८०/०८१ को बजेट वक्तव्य मार्फत देशभरका साविकका ३३ तथ्याङ्क कार्यालयहरु खारेजीको घोषणा भई सो घोषणाको कार्यान्वयनका क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयबाट हाल देशभर कायम रहेका जम्मा १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु मध्ये **तथ्याङ्क समन्वय कार्यालय डोटी** पनि एक हो। साविकका तथ्याङ्क कार्यालयहरूको पुनर्संरचना तथा नयाँ नामाकरण संगै आ.व. २०८१/०८२ देखि यस कार्यालयको कार्य क्षेत्र डोटी, अछाम र बाजुरा कायम हुने भएको छ। यो कार्यालय दिपायल सिलगढी नगरपालिका वडा नंबर ४ राजपुरमा अवस्थित छ। तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली २०८० बमोजिम तथ्याङ्क सङ्कलन संग्रह, प्रकाशन र विश्लेषण गर्ने समेतको प्रायोजनमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन गरिने गणना, सर्वेक्षण तथा सूचकहरुको निर्माणको लागि प्राप्त निर्देशनमा कार्यन्वयन गर्न नेपाल सरकारबाट राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा तथ्याङ्क समन्वय कार्यालयको लागि विभिन्न दरबन्दी स्वीकृत गरिएको हो तथ्याङ्क समन्वय कार्यालयको कार्यालयको कार्यालय प्रमुखमा रा.प.द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी(उपसचिव) को दरबन्दी रहेको छ।

## २. निकायको काम, कर्तव्य र अधिकार


यस कार्यालयले निम्न कार्यहरु निरन्तर रुपमा गर्दै आइरहेको छ।

- तीनवटै तहका सरकार, संघसंस्था एवं प्रयोगकर्ताहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा अनुगमन, मूल्यांकन एवं अध्ययन अनुसन्धान गर्नका लागि आवश्यक पर्ने आधिकारिक तथ्याङ्क उपलब्ध गराउने,
- राष्ट्रिय लेखा त्रैमासिक तथा वार्षिक तथ्याङ्क सङ्कलन तथा प्रविष्टि सम्बन्धी कार्य,
- औद्योगिक मूल्य, निर्माण सामग्रीहरुको मूल्य तथा कामदारको ज्यालासम्वन्धी त्रैमासिक मूल्य सङ्कलन तथा प्रविष्टि सम्बन्धी कार्य,
- कृषि वस्तुहरुको त्रैमासिक मूल्य सङ्कलन तथा प्रविष्टि सम्बन्धी कार्य,

- नेपाल तथ्याङ्कीय व्यवसायिक रजिष्टर अधावधिक कार्यका लागि तथ्याङ्क सङ्कलन तथा प्रविष्टि सम्बन्धी कार्य,
- जलवायु तथा वातावरण सम्वन्धी तथ्याङ्क सङ्कलन तथा प्रविष्टि सम्बन्धी कार्य,
- तथ्याङ्कीय क्रियाकलापहरुको जिल्ला तथा स्थानीय तहस्तरमा समन्वय, सुझाव सङ्कलन तथा नतिजा सार्वजनिकरण गर्ने,
- कार्यक्षेत्र भित्रका स्थानीय तहहरुमा विभिन्न गणना तथा सर्वेक्षणहरुका लागि आवश्यक पर्ने गणना क्षेत्र नक्सांकन कार्य,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आवधिक तथा नियमित रुपमा संचालन हुने गणना तथा सर्वेक्षणहरु जस्तै:(जनगणना, कृषि गणना, औद्योगिक गणना, आर्थिक गणना, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसुचक सर्वेक्षण, जलवायु परिवर्तन सर्वेक्षण, वितरणात्मक व्यापार सर्वेक्षण, श्रम आप्रवासी सर्वेक्षण, पशुपालन सर्वेक्षण आदि) मा आवश्यक पर्ने तथ्याङ्कीय विवरण उपलब्ध गराउनुका साथै कार्यक्षेत्र भित्रका स्थलगत तथ्याङ्क सङ्कलन कार्यको सुपरिवेक्षण तथा अनुगमन गर्ने,
- राष्ट्रिय तथ्यगत विवरण (National Data Portal) प्रविष्टि तथा अद्यावधिक गर्ने कार्यमा स्थानीय तहसँग समन्वय गर्ने,
- जिल्ला वस्तुगत विवरण तयार गरी प्रकाशन गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट समय-समयमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

# ३. निकायको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

## ३.१ संगठन संरचना



## ३.२ पदपूर्तिको अवस्था

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा.प. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | रिक्त | |
| २ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | २ रिक्त | |
| ४ | गणक | रा.प.अनं. द्वितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | ३ रिक्त | |
| ५ | खरिदार | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ रिक्त | |
| ६ | सहलेखापाल | रा.प.अनं. द्वितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | करार |
| | जम्मा | | | | १३ | ६ | |

## ३.३ हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि. न. | नाम | पद | सेवा | समुह | श्रेणी | सेवा अवधि | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | खेम राज भट्ट | तथ्याङ्क अधिकृत | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प. तृतीय | २५ बर्ष ९ महिना | भि.न.पा. १७, कञ्चनपुर |
| २ | तिलक पाल | सुपरिवेक्षक | ने.आ.यो.तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.अनं.प्रथम | ८ बर्ष ६ महिना | भि.न.पा. ३, कञ्चनपुर |
| ३ | हरिश पन्त | खरिदार | नेपाल प्रशासन | सामान्य प्रशासन | रा.प.अनं. द्वितीय | १० बर्ष १० महिना | मालिकार्जुन-०८, दार्चुला |
| ४ | केशव बहादुर साउद | सह-लेखापाल | नेपाल प्रशासन | लेखा | रा.प.अनं. द्वितीय | ७ बर्ष ६ महिना | कमलबजार-०४, अछाम |
| ५ | धन बहादुर देउबा | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | ४ महिना | शिखर-०१, डोटी |
| ६ | सुर्य बिष्ट | का.स. | नेपाल प्रशासन | सामान्य प्रशासन | श्रेणीविहिन | २ महिना | बडिमालिका-९, बाजुरा |

## ३.४ कार्य विवरण अनुसार कार्यालयमा निम्न बमोजिमका शाखाहरु रहेका छन

### ३.४.१ प्राविधिक शाखाः

- बार्षिक रुपमा संचालन हुने कार्यक्रमको ढांचा तयार गर्ने
- स्वीकृत बार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरुको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनका लागि पेश गर्ने
- निर्णय भए अनुसार कार्यक्रम संचालन गर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्ने

### ३.४.२ प्रशासन शाखा

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने सो अन्तर्गत कर्मचारीको व्यक्तिगत विवरण, विदा, सरुवा, बढुवा जस्ता कार्य गर्ने गराउने
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने
- जिन्सी सामग्रीको अभिलेख राख्ने

- टुटे फुटेका सामग्रीको लगत तयार गरी खर्च मिनाहा तथा लिलाममा पठाउनुपर्ने भए सो को विवरण तयार गरी पेश गर्ने
- कार्यालय सरसफाई, विजुलिपानि, टेलिफोन, मर्मत सम्भार लगायतका कार्य गर्ने, गराउने

#### ३.४.३ आर्थिक प्रशासन शाखा

- बजेट अनुमान तयार गर्ने
- कोष तथा लेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी निकासा प्राप्त गर्ने
- कर्मचारीहरुको तलब, भत्ता लगायत निर्णय अनुसार भएको कार्यक्रमको भुक्तानी समेत दिने

## ४. निकायबाट प्रदान गरिने सेवा

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट छानिएका क्षेत्रमा प्राप्त निर्देशन अनुसार अन्तर्वार्ता/प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गर्ने
- तथ्याङ्क कार्यालयका प्रकाशन एवं राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरु विभिन्न व्यक्ति, संगसंस्था र कार्यालयहरुलाई उपलब्ध गराउने
- रा.त.का. बाट प्राप्त तथ्याङ्क एवं प्रकाशनहरुको अभिलेख राख्ने
- जिल्लाका सरकारी एवं गैरसरकारी कार्यालय, तथ्याङ्क प्रयोगकर्ताहरु बीच गोष्ठी, बैठक आदि मार्फत समन्वयको कार्य गर्ने

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

### ५.१ प्राविधिक शाखा

शाखा प्रमुख सुपरिवेक्षक श्री तिलक पाल

### ५.२ प्रशासन शाखा

शाखा प्रमुख खरिदार श्री हरिश पन्त

### ५.३ आर्थिक प्रशासन शाखा

शाखा प्रमुख सह लेखापाल श्री केशब बहादुर साउद

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

सूचना १० पेज सम्मको निशुल्क सो भन्दा माथि भएमा प्रतिपेज रु ५ दस्तुर दस्तुर लाग्ने सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने

## ७. उजुरी, निवेदन उपर निर्णय गर्ने अधिकारी

नि. तथ्याङ्क समन्वय अधिकारी श्री खेम राज भट्ट

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

नि. तथ्याङ्क समन्वय अधिकारी श्री खेम राज भट्ट

## ९. सम्पादन गरेको कामको विवरण

### ९.१ आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न कार्यक्रमहरु

- व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचीकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा छनौट गरिएकाहरुको मुख्य प्रश्नावली भर्ने काम सम्पन्न
- अन्तराष्ट्रिय तुलना कार्यक्रम सम्बन्धी मूल्य तथ्याङ्क संकलन कार्य सम्पन्न
- नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक
- मत्स्य तथा बन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन
- तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत् स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरणको कार्यान्वयनको अनुगमन तथा समिक्षा गोष्ठी(डोटी र अछाम)
- आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासंग प्रदेश/जिल्ला तहमा अन्तरक्रिया/गोष्ठी((डोटी र अछाम)
- जिल्लामा आर्थिक गणनाको प्रश्नावली परीक्षण(डोटी र अछाम)
- निजी शिक्षण संस्था सर्भेक्षण सम्पन्न
- त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन
- बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन
- आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन
- बिभिन्न स्थानिय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिबृध्दि कार्यक्रम संचालन
- २ वटा पालिकाको प्रोफाइल तयारीको लागि तथ्याङ्क संकलन, तथ्याङ्क प्रविष्टि, सम्पादन, सुपरिवेक्षण तथा छपाई
- कृषि तथा पशुपन्छी उत्पादनहरुको त्रैमासिक रुपमा तथ्याङ्क संकलन तथा प्रविष्टि
- निर्माण सामग्रीहरुको त्रैमासिक रुपमा तथ्याङ्क संकलन तथा प्रविष्टि
- अस्थाई बालीको लागत मुल्य सर्वेक्षण सम्पन्न

### ९.२ सूचना प्रकाशनको अवधिमा सम्पादन गरेको कामको विवरण

- चौथो त्रैमासिक राष्ट्रिय लेखाको तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- प्रथम त्रैमासिक निर्माण सामग्रीहरुको मुल्य तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- कृषि तथा पशुपन्छी उत्पादनहरुको मुल्य तथ्याङ्क संकलन तथा प्रविष्टि कार्य सम्पन्न
- आन्तरिक पर्यटन सर्वेक्षणको बाँकि रहेको कार्य सम्पन्न(१००%)
- तरकारी वाली सर्वेक्षणको सूचीकरण कार्य ७५% सम्पन्न
- स्थलगत यातायात सर्वेक्षणको सूचीकरण कार्य ८५% सम्पन्न
- निजि स्वास्थ्य सेवा प्रदायक संस्थाको सूचीकरण कार्य ३५% सम्पन्न

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख श्री खेम राज भट्ट नि. तथ्याङ्क समन्वय अधिकारी

सूचना अधिकारी श्री तिलक पाल सुपरिवेक्षक

## ११. ऐन, नियम, वा निर्देशिकाको सूची

- तथ्याङ्क ऐन  २०७९
- तथ्याङ्क नियमावली २०८०
- कार्यक्रम तर्जुमा तथा संचालन मार्गनिर्देशिका

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | बार्षिक स्वीकृत बजेट | १३९०३०००/- | |
| २. | चालु तर्फको बजेट | १३५६५०००/- | |
| ३. | पुँजीगत तर्फको बजेट | ३३८०००/- | |
| ४. | प्रथम त्रैमासिक सम्मको जम्मा खर्च | १५४४२६५.४०/- | |

## १३.सार्वजनिक निकायको वेबसाईट तथा ईमेल

वेबसाइटः scodoti.nsonepal.gov.np

ईमेलः scodoti@nsonepal.gov.np, sodoti440153@gmail.com

## १४. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सुचना दिईएको

निवेदन प्राप्त नभएको तर प्रत्यक्ष कार्यालयमा सम्पर्क गरी सुचना लिने गरेको प्रायजसो विभिन्न जनसांख्यिक, सामाजिक तथा आर्थिक तथ्याङ्कहरु सम्बन्धी सुचनाको माग हुने र सो सम्बन्धी विवरण सेवाग्राहीहरुलाई प्रदान गर्ने गरेको

## १५.सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरण

केहि निकायहरुले आफ्ना प्रकाशनहरुमा यहाँबाट प्रकाशित तथ्याङ्क समावेश गर्नु बाहेक अन्यत्र प्रकाशन नभएको

## १६. सम्पर्क ठेगाना

तथ्याङ्क समन्वय कार्यालय राजपुर डोटी

फोन नं. ०९४-४४०१५३